आज मिति २०७८/०२/०४ गते प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेलको अध्यक्षतामा जिल्ला संकट व्यवस्थापन केन्द्रको बैठक बसी निम्नानुसार निर्णय गरियो-

**बिशेष आमन्त्रित:**

१. प्रभाकर यादब — जि.स.स. प्रमुख , जिल्ला समन्वय समिति, सप्तरी
२. शम्भु प्रसाद यादब — नगर प्रमुख, राजबिराज नगरपालिका

**उपस्थिति:**

१. प्र.जि.अ. श्री फणिन्द्र मणि पोखरेल - अध्यक्ष
२. प्रमुख सेनानी श्री निरज भण्डारी - सदस्य
३. प्रहरी उपरीक्षक श्री राजेन्द्र प्रसाद धमला - सदस्य
४. सशस्त्र प्रहरी उपरीक्षक श्री राजु श्रेष्ठ - सदस्य
५. उप. अनुसन्धान निर्देशक श्री नरेश बहादुर शाह - सदस्य
६. नि.प्र.मे.सु. श्री रणजित कुमार झा - सदस्य
७. नि.प्र. स्वा.कार्यालय श्री दुनियालाल यादब - सदस्य
८. जि.स.स.अधिकारी श्री ~~[illegible]~~ दिलिप कु. साह - सदस्य
९. स.प्र.जि.अ. श्री नाथु साह जि.प्रशा.का. सप्तरी - सदस्य सचिव

**आमन्त्रित:**

१. डा. संजय सिंह — युनिक अस्पताल
२. सैलेन्द्र मोहन झा — छिन्नमस्ता अस्पताल

**निर्णय:**

१. समितले गरेका पूर्वत: निर्णय उपर छलफल एवं समिक्षा गरियो ।

२. छिन्नमस्ता अस्पतालले अक्सिजन प्लान्ट जडान गर्ने सम्बन्धमा भएका निर्णय शिघ्र कार्यान्वयन गर्ने ।

३. स्थानीय स्तरका अस्पतालहरुमा अक्सिजन अभाव भई समस्या भएको हुँदा यस कार्यालयबाट स्वास्थ्य सेवा विभागमा अक्सिजन सिलिण्डर माग गरि अनुरोध गरिएकोमा शिघ्र अक्सिजन सिलिण्डर उपलब्ध गराउन नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्ने ।

४. गजेन्द्र नारायण सिंह अस्पताल, छिन्नमस्ता अस्पताल र युनिक अस्पताल तथा अन्य अस्पतालमा आईशोलेशन सेन्टरले आफू सँग भएको खाली सिलिण्डरलाई निरन्तर रुपमा अक्सिजन भरिरहने गरी व्यवस्थापन गर्ने /गराउने ।

५. चिकित्सक भएका स्थानीय तहसँग समन्वय गरी जिल्ला संकट व्यवस्थापन केन्द्रले औषधी सहितको टोली स्थानीय स्तरमा संक्रमण भएका क्षेत्रमा गई औषधी वितरण गर्ने ।

६. परापूर्व देखि आ-आफ्ना संस्कृति-परम्परा अनुसार शव व्यवस्थापन गरिदै आएको स्थानमा कोरोनाबाट मृत्यु भएका व्यक्तिको शव सम्बन्धित पालिकाले व्यवस्थापन गर्ने/गराउने।

७. कोभिड-१९ सम्बन्धी सूचना संकलन र संप्रेशन गर्न तथा स्थिति बिश्लेषण गर्न स.प्र.जि.अ. को अध्यक्षतामा सुरक्षा निकाय, राजबिराज नगरपालिका स्वास्थ्य शाखा प्रमुख, स्वास्थ्य कार्यालय र अस्पतालको प्रतिनिधित्व हुने गरी समिति गठन गर्ने। समितिले देहाय बमोजिमको कार्य गर्ने:

क) संक्रमितको तथ्याङ्क अद्यावधिक गर्ने।

ख) अस्पतालको अवस्थाको जानकारी लिने।

ग) अक्सिजन सिलिण्डरको विद्यमान अवस्था, आपूर्ति र रिफिलिङ्ग व्यवस्थापन।

घ) शव व्यवस्थापन बारे जानकारी।

ङ) एम्बुलेन्स व्यवस्थापन सम्बन्धमा ।

च) कार्यालय जिल्ला प्रशासनमा रहने।

८. गजेन्द्र नारायण सिंह अस्पतालले आफुसँग भएको ४ थान भेन्टिलेटर मध्ये २ थान छिन्नमस्ता अस्पताल र २ थान भेन्टिलेटर युनिक अस्पताललाई उपलब्ध गराउने र छिन्नमस्ता तथा युनिक अस्पतालले तुरुन्त ती भेन्टिलेटरहरु संचालन गर्ने।